नेपाली कांग्रेस

# १५औं महाधिवेशन

# निर्वाचन निर्देशिका, २०८३



नेपाली कांग्रेस

केन्द्रीय कार्यालय

नेपाली कांग्रेस

१५औं महाधिवेशन

# निर्वाचन निर्देशिका, २०८३

केन्द्रीय निर्वाचन समिति

नेपाली कांग्रेस


<u>प्रकाशक</u>

नेपाली कांग्रेस

केन्द्रीय कार्यालय

बी.पी. स्मृति भवन, बी.पी. नगर, ललितपुर

फोन नं. ५१८३२६३/५१८३२६४/५१८३२६५

फ्याक्स नं. ५१८३२६६

<u>E-mail</u>

info@nepalicongress.org

ncelection2078@gmail.com


*सहयोग रु. १००*

# नेपाली कांग्रेस निर्वाचन निर्देशिका, २०८३

नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन सहित) को धारा ४८ र नेपाली कांग्रेसको नियमावली, २०७६ को नियम ३२(४) ले दिएको अधिकार प्रयोग गरी पार्टीका सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन सम्पन्न गर्न गराउन केन्द्रीय निर्वाचन समितिले तयार गरेको निर्वाचन निर्देशिका नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको (मिति २०८३ श्रावण २४–भाद्र १) मा बसेको बैठकबाट परिमार्जन सहित स्वीकृत भई लागू भएको छ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो निर्देशिकाको नाम "नेपाली कांग्रेस निर्वाचन निर्देशिका, २०८३" रहनेछ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ।

(३) यो निर्देशिकाको पालना र कार्यान्वयन गर्नु पार्टीका सवै तह, निकाय, पदाधिकारी र प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(४) नेपाली कांग्रेसका सवै तह, निकायका निर्वाचन सम्बन्धी काम कारवाही यसै निर्देशिकामा लेखिए अनुसार हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "विधान" भन्नाले नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन सहित) लाई वुझाउँदछ।

(ख) "नियमावली" भन्नाले नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन सहित) बमोजिमको नेपाली कांग्रेसको नियमावली, २०७६ (संशोधन सहित) लाई वुझाउँदछ ।

(ग) "निर्देशिका" भन्नाले नेपाली कांग्रेस निर्वाचन निर्देशिका, २०८३ लाई वुझाउँदछ।

(घ) "निर्वाचन प्रतिनिधि" भन्नाले नेपाली कांग्रसको विधान, २०१७ (एघारौं संशोधन सहित) बमोजिम अधिवेशन हुने विभिन्न तह र धारा १४ बमोजिम विदेश स्थित नेपाली जनसम्पर्क समितिको निर्वाचन प्रयोजनार्थ खटिएका प्रतिनिधिलाई वुझाउँदछ।

(ङ) "निर्वाचन अधिकृत" भन्नाले प्रत्येक प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, विदेश स्थित नेपाली जनसम्पर्क समिति र आवश्यकता अनुसार पार्टीका अन्य तह र निकायमा केन्द्रीय निर्वाचन समितिको प्रतिनिधिको रुपमा नियूक्ति पाउने व्यक्तिलाई वुझाउँदछ ।

(च) "पेशागत" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित परिषद वा संस्था वा बोर्ड वा प्रतिष्ठानबाट अनुमति पत्र प्राप्त गरी पेशागत सेवामा आवद्ध भएको व्यक्ति वा ज्ञान, दक्षता, बौद्धिक क्षमता, शैक्षिक योग्यताको प्रयोग गरी विशेषज्ञता सेवा प्रदान गर्ने व्यक्ति जस्तै वकिल, चिकित्सक, नर्स,

स्वास्थ्यकर्मी, इन्जिनियर, सि ए, पत्रकारिता लगायतका साथै अवकास प्राप्त राष्ट्रसेवक कर्मचारी, अवकास प्राप्त शिक्षक, प्रध्यापक र प्राज्ञ समेतलाई बुझाउँदछ।

(छ) "श्रमिक" भन्नाले प्रचलित कानून बमोजिम श्रमिकको रुपमा परिभाषित व्यक्ति तथा नेपाल ट्रेड युनियन कांग्रेस वा सोसँग आबद्ध ट्रेड युनियन संघ-संगठनमा आवद्ध एवं अनौपचारिक, स्वरोजगार श्रमिक वा परम्परागत सिपमा आधारित रही श्रम गर्ने व्यक्तिलाई बुझाउँदछ।

(ज) "अल्पसंख्यक" भन्नाले अनुसूची -२० मा उल्लेख गरिएका जातिहरू (संवत २०७८ सालको जनगणना अनुसार एक लाख जनसंख्या कम भएका जातिहरू) तथा पिछडिएको वर्ग र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

(झ) "शहिद परिवार" भन्नाले शहिदका आमा वावु वा श्रीमान श्रीमती वा छोराछोरी वा नाति नातिनासमेतलाई बुझाउँछ।

(ञ) "द्वन्द्व प्रभावित" भन्नाले २०५३ देखि २०६२ सम्मको सशस्त्र द्वन्द्वका अबधिमा शारीरिक, मानसिक, आर्थिक, वा सामाजिक रूपमा क्षति बेहोरेका व्यक्ति तथा परिवारलाई बुझाउँदछ।

(ट) "प्रजातन्त्र सेनानी" भन्नाले विगत लामो समयदेखि प्रजातन्त्रको निम्ति संघर्षरत नेता, मार्गदर्शक वा पार्टीको निष्ठावान सदस्यलाई जनाउँदछ । सो शव्दले नेपाल प्रजातन्त्र सेनानी संघको विधान २०४९ बमोजिम संघमा आवद्ध व्यक्तिलाई समेत जनाउनेछ ।

(ठ) "युवा" भन्नाले ३५ बर्ष उमेर मुनिको युवालाई बुझाउँछ।

(ड) "अपाङ्गता भएका व्यक्ति भन्नाले अपाङ्गताको परिचयपत्र प्राप्त ब्यक्तिलाई बुझाउँछ।

## परिच्छेद २

## निर्वाचन प्रतिनिधि सम्बन्धी व्यबस्था

३. **केन्द्रीय निर्वाचन प्रतिनिधि खटाउने र क्रियाशील सदस्यताको नामावली प्रकाशन गराउने व्यवस्था:**

(क) केन्द्रीय निर्वाचन समितिले प्रत्येक प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, विदेश स्थित नेपाली जनसम्पर्क समिति र आवश्यकता अनुसार पार्टीका अन्य तह र निकायमा केन्द्रीय निर्वाचन समितिको प्रतिनिधिको रुपमा निर्वाचन अधिकृत नियुक्त गर्नेछ।

(ख) निर्वाचन अधिकृतले आफू खटिएको प्रदेश जिल्ला, प्रतिनिधि सभा क्षेत्र भित्रका सबै तहका पद (गाउँ/नगरपालिका वडा, गाउँ/नगरपालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश) को निर्वाचन सम्पन्न गर्ने गराउने व्यवस्था मिलाउने छ ।

(ग) नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट केन्द्रीय निर्वाचन समितिलाई उपलव्ध क्रियाशील सदस्यको नामावली डिजिटल माध्यमबाट र सो नामावली वडाको निर्वाचनको क्रममा तत् तत् वडाका निर्वाचन अधिकृतले प्रकाशित गर्नुपर्नेछ।

केन्द्रीय निर्वाचन समिति नेपाली कांग्रेस

(घ) केन्द्रीय निर्वाचन समितिले निर्वाचन गराउने प्रयोजनका लागि नेपाली कांग्रेसको मूल्य र आदर्शसँग नजिक रहेका विभिन्न शुभेच्छुक तथा सहयोगी संस्थाहरूबाट निर्वाचन अधिकृतहरूको सम्भावित नामहरू संकलन गरीनेछ। यसरी संकलन गरिएका नामहरूको रोस्टर मिलाई राखिनेछ ।

(ङ) निर्वाचन अधिकृतले नेपाली कांग्रेसको शुभेच्छुक सहयोगी संस्थाहरू तथा सामाजिक व्यक्तित्वहरू मध्येबाट आवश्यकतानुसार गाउँ/नगरपालिका वडा, गाउँ/नगरपालिका, प्रदेश सभा क्षेत्र र प्रतिनिधि सभा क्षेत्रका लागि मतदान अधिकृतहरू नियुक्त गरिनेछ।

(च) केन्द्रीय कार्यसमितिबाट क्रियाशील सदस्यता प्राप्त गरेका मतदाताहरूको अन्तिम नामावली सम्बन्धित जिल्लामा निर्वाचन अधिकृतले सम्बन्धित गाउँ-नगरपालिका वडामा प्रकाशित गर्नेछ । आ-आफ्नो क्षेत्राधिकारभित्र पर्ने क्रियाशील सदस्यताको मतदाता नामावलीको प्रतिलिपी मागेमा आवश्यक शुल्क लिई संभव भए सम्म उपलब्ध गराउने छ ।

(छ) निर्वाचन प्रतिनिधि वा निर्वाचन अधिकृत वा मतदान अधिकृत आफू जुन वडा, गाउँ, नगर, उपमहानगर, महानगर पालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश वा नेपाली जनसम्पर्क समितिमा खटिएको हो, सो खटिएको स्थानमा हुने निर्वाचनको कुनै पनि पद र प्रतिनिधिका लागि उम्मेदवार हुन पाउने छैन।

(ज) पार्टीका केन्द्रीय, प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, गाउँ/नगरपालिका र गाउँ/नगरपालिका वडा मतदान केन्द्रहरूमा निर्वाचन सम्पन्न गर्ने प्रयोजनका लागि निर्वाचन समिति/निर्वाचन अधिकृत/मतदान अधिकृतलाई प्रत्येक तहका पार्टीका पदाधिकारी तथा पार्टी सदस्यहरूले सहयोग गर्नु पर्नेछ ।

(झ) विदेश स्थित जनसम्पर्क समितिमा केन्द्रीय निर्वाचन समितिको तर्फबाट नेपालबाट केन्द्रीय निर्वाचन प्रतिनिधि खटाईने छ। यदी कुनै कारणवश नेपालबाट निर्वाचन प्रतिनिधि खटाउन सम्भव नभएमा सम्बन्धित राष्ट्रमा कार्यरत नेपाली नागरिक वा नजिकको कुनै देशबाट प्रतिनिधि खटाउन सकिनेछ। यसरी खटिएको प्रतिनिधि वा निर्वाचन अधिकृत सम्बन्धित देशको अधिवेशनमा कुनै पनि पदमा उम्मेदवार वा सर्वसम्मत छनोट हुन पाउने छैनन।

(ञ) केन्द्रीय निर्वाचन समितिले नेपाली कांग्रेस केन्द्रीय कार्यालयसँग, प्रदेश निर्वाचन अधिकृतले प्रदेश कार्यसमितिसँग, जिल्ला निर्वाचन अधिकृतले सम्वन्धित जिल्ला कार्य समितिसँग, प्रतिनिधिसभा क्षेत्रमा खटिएको अधिकृतले सम्बन्धित क्षेत्रीय कार्यसमितिसंग र जनसम्पर्क समितिमा खटिएको प्रतिनिधिले सम्बन्धित जनसम्पर्क समिति र निर्वाचन समितिसंग समन्वय राखी काम गर्नेछ।

४. <u>निर्वाचन अधिकृत तथा मतदान अधिकृतको काम, कर्तव्य र अधिकार:</u>

(क) निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको अधिकार प्रयोग गर्ने गरी खटिएको मतदान अधिकृतले पार्टीको विधान, नियमावली, निर्वाचन निर्देशिका, २०८३ र केन्द्रीय निर्वाचन

समितिले समय समयमा दिईएको निर्देशन अनुसार स्वतन्त्र, निष्पक्ष र सद्भावपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्नेछ।

(ख) केन्द्रीय निर्वाचन समितिले निर्वाचन हुने सूचना यथा समयमै प्रकाशित गर्नेछ र निर्वाचन अधिकृत वा मतदान अधिकृतले पार्टीको सम्बन्धित तहको अधिवेशन केन्द्रीय निर्वाचन समितिले तोकेको मितिमा नै सम्पन्न गर्नु पर्नेछ।

(ग) केन्द्रीय निर्वाचन समितिले तोकेको मितिमा सम्बन्धित तहका पदको निर्वाचन गराउँदा मतदाता नामावली प्रकाशित गर्ने, उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, मनोनयन पत्र माथि पर्ने दावी विरोध दर्ता गर्ने, जाँचबुझ गर्ने र उम्मेदवारको नेपाली वर्णानुक्रम (देवनागरी लिपि) वमोजिम पहिलो नामावली प्रकाशित गर्ने, मनोनयन पत्र फिर्ता लिने, उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशित गर्ने, मतदान गराउने, मत गणना गर्ने, निर्वाचित परिणाम घोषणा गर्ने समेत प्रयोजनका लागि निर्वाचन अधिकृत वा मतदान अधिकृतले निर्वाचन कार्यक्रम प्रकाशित गर्नेछ।

(घ) काबू भन्दा बाहिरको परिस्थिति उत्पन्न भएमा वडा, नगरपालिका, प्रदेश सभा, प्रतिनिधि सभा, जिल्ला, प्रदेश, विदेश स्थित जनसम्पर्क समितिको अधिवेशन तोकिएको दिनमा विशेष परिस्थितिवस गराउन नसकेमा वा मतदानको क्रममा कुनै वाधा विरोध उत्पन्न हुन गई मतदान पूरा हुन नसकेमा वा मतगणना गर्ने काममा कुनै वाधा विरोध उत्पन्न भई मतदान वा मतगणना कार्य रोक्न परेको कारण खोली मतदान अधिकृतले निर्वाचन अधिकृत समक्ष र निर्वाचन अधिकृत तथा नेपाली जनसम्पर्क समितिको निर्वाचन प्रतिनिधिले केन्द्रीय निर्वाचन समिति समक्ष छिटो साधनद्धारा केन्द्रीय निर्वाचन समितिको स्वीकृति लिई दुई दिन भित्र अर्को मिति तय गरी निर्वाचन प्रकृया सम्पन्न गर्नु पर्नेछ।

(ङ) निर्वाचन अधिकृतले निर्वाचन गराउदा जुन तहको निर्वाचन गर्नु पर्नेछ सो निर्वाचन सम्वन्धित स्थानमा नै गर्नु पर्नेछ। कारणवश स्थान परिवर्तन गर्नु परेमा केन्द्रीय निर्वाचन समितिको पूर्व स्वीकृति लिई स्थान परिवर्तन गरिनेछ।

(च) निर्वाचन गोप्य मतदानबाट गरिनेछ। तह र पद अनुसार अनुसूची –१ देखि १० सम्म सम्बन्धित मतपत्रको प्रयोग गरिने छ। मतदातालाई मतपत्र दिंदा सम्बन्धित मतदाताको नामको अगाडि निजको सही वा ल्याप्चे गराउनुपर्नेछ।

(छ) निर्वाचन वा मतदान अधिकृतले मतदान गर्न तोकिएको समय समाप्त भएपछि मतगणना कार्य गर्नु पर्नेछ । मत गणना गर्दा व्यवस्थित रुपमा सम्बन्धित उम्मेदवार वा निजको वारेस वा प्रतिनिधिको रोहवरमा गर्नु पर्छ र खसेको सदर मत, वदर मत र उम्मेदवारले पाएका मत समेतको विवरण खुलाई उपयुक्त मुचुल्का बनाई प्रमाणित गर्नुपर्छ।

(ज) निर्वाचन अधिकृत वा मतदात अधिकृतले केन्द्रीय सभापतिको हकमा विधानको धारा १६ (१) (ख), प्रदेश समितिको सभापतिको हकमा विधानको धारा १३ (६) (१) (ख) र जिल्ला सभापतिको हकमा विधानको धारा १२ (५) (क) (२) बमोजिम खसेको मतको ५० प्रतिशत

केन्द्रीय निर्वाचन समिति नेपाली कांग्रेस

भन्दा बढी मत ल्याउनु पर्नेछ। पार्टीका अन्य सबै तहको पदको हकमा सबैभन्दा बढी मत पाउने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नेछ ।

(झ) मत बराबर भएमा सम्बन्धित निर्वाचन प्रतिनिधि वा निर्वाचन अधिकृत वा मतदान अधिकृतले गोला प्रथा वा सर्वसम्मतिमा अन्य उपयुक्त विधिद्वारा विजयी भएको उम्मेदवारको नाम घोषणा गर्नेछ।

(ञ) विजयी उम्मेदवारलाई अनुसूची–१८ मा दिइएको नमूना बमोजिमको सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले प्रमाणपत्र दिनेछ र सो प्रमाणपत्रले परिचय पत्रको रुपमा मान्यता पाउनेछ ।

(ट) निर्वाचन अधिकृतले प्रदेश एवं जिल्ला तहको निर्वाचनबाट विजयी भएका व्यक्तिहरूको नाम र ठेगाना तोकिएको ढाँचामा सम्भव भएसम्म डिजिटल वा छिटो साधनद्वारा केन्द्रीय निर्वाचन समितिमा पठाउनु पर्नेछ ।

(ठ) मतदान अधिकृतले गाउँ/नगरपालिका वडा, गाउँ/नगरपालिका, प्रदेश सभा क्षेत्र र प्रतिनिधिसभा क्षेत्रमा भएको निर्वाचनको परिणाम अनुसार विजयी भएका व्यक्तिहरूको नाम सबैभन्दा छिटो साधनद्वारा निर्वाचन अधिकृत मार्फत केन्द्रीय निर्वाचन समिति, सम्वन्धित जिल्ला कार्यसमिति, क्षेत्रीय कार्यसमिति, प्रदेश सभा कार्यसमितिमा पठाउनु पर्नेछ ।

(ड) निर्वाचन अधिकृत र मतदान अधिकृतले निर्वाचन अधिकृत मार्फत सबै तहका पदको लागि निर्वाचनको निमित्त प्रयोग भएको मतपत्र र अन्य सबै कागजात सम्बन्धित उम्मेदवार वा निजको वारेसको समेतको सही गराई सुरक्षित रुपमा केन्द्रीय निर्वाचन समितिमा बुझाउने तर, कुनै उम्मेदवारले सही गर्न नमानेमा सोही व्यहोरा खोली पठाउन बाधा पर्ने छैन।

(ढ) निर्वाचन अधिकृतले आफू खटिएको क्षेत्र, जिल्ला भित्र सम्पन्न भएको निर्वाचनसँग सम्बन्धित खर्च र सम्बन्धित उम्मेदवारहरूबाट मनोनयन पत्र दाखिला गर्दा प्राप्त रकमको आम्दानीको प्रमाणित कागज सहितको हिसाब किताब निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र केन्द्रीय निर्वाचन समितिमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

(ण) निर्वाचन अधिकृत वा मतदान अधिकृतले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गराउन आवश्यक व्यवस्था मिलाउने छ।

५. <u>निर्वाचन गराउनु पर्ने तह, पद र मतदाताहरू:</u>

(क) गाउँ/नगरपालिका वडा, गाउँ/नगरपालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला अधिवेशन र जिल्ला कार्यसमितिको गठन विदेश स्थित जन सम्पर्क समितिको अधिवेशन र कार्यविधि सम्वन्धमा नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन सहित) को क्रमश धारा ६, ७, ८, ९, १०, ११ , १२ र १४ वमोजिम हुनेछ ।

(ख) प्रदेश कार्यसमितिको गठन र कार्यविधि सम्बन्धमा नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन सहित) को धारा १३ बमोजिम हुनेछ ।

केन्द्रीय निर्वाचन समिति नेपाली कांग्रेस

(ग) महाधिवेशन र महासमितिको गठन र कार्यविधि सम्वन्धमा नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन सहित) को धारा ११ बमोजिम हुनेछ।

(घ) केन्द्रीय कार्यसमितिको गठन र कार्यविधि सम्वन्धमा नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन सहित) को धारा २१ वमोजिम हुनेछ।

## परिच्छेद ३

## उम्मेदवारको योग्यता र मनोनयन सम्बन्धी व्यबस्था

६. उम्मेदवारको योग्यता र योग्यता प्रमाणित गर्ने:

(१) नेपाली कांग्रेसको क्रियाशील सदस्यता निरन्तरताको सम्बन्धमा गाउँ नगरपालिका सभापति, प्रदेश सभा सभापति, प्रतिनिधिसभा क्षेत्रीय सभापति, जिल्ला उपसभापति र सचिबको हकमा ५ बर्ष क्रियाशील सदस्य भएको हुनुपर्नेछ। जिल्ला सभापति, प्रदेश सभापति सहित पदाधिकारी र केन्द्रीय सदस्यको हकमा १० वर्ष (तर, ३५ वर्ष मुनिका युवा, समायोजन भइ आएका र पेशागत-श्रमिक क्षेत्रका सदस्यको हकमा यो सिमा लागु हुने छैन। केन्द्रीय पदाधिकारीका लागि १० वर्ष र केन्द्रीय सभापतिको हकमा १५ वर्ष निरन्तर क्रियाशील सदस्य भएको हुनुपर्नेछ।

(२) विधानको धारा २१ वमोजिम निरन्तर क्रियाशिल सदस्य रहेको वर्ष प्रमाणित गर्ने काम नेपाली कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव वा मुख्य सचिव भइ काम गर्ने व्यक्तिको हुनेछ र निर्वाचनमा केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको पदमा उम्मेदवार हुन चाहनेले मनोनयन पत्र दाखिला गर्दा निरन्तर क्रियाशिल सदस्यको प्रमाणीत निस्सा समेत मनोनयन पत्र साथ दाखिला गर्नु पर्नेछ ।

(३) विधानको धारा १३ (६) बमोजिम निरन्तर क्रियाशील सदस्य रहेको वर्ष प्रमाणित गर्ने काम नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा मुख्य सचिव वा मुख्य सचिव भइ काम गर्ने व्यक्तिको हुनेछ।

(४) विधानको धारा १२ (५) (क) (१) बमोजिम निरन्तर क्रियाशिल सदस्य रहेको वर्ष प्रमाणित गर्ने काम नेपाली कांग्रेसको जिल्ला कार्यसमितिका सभापति वा सचिव वा केन्द्रीय कार्यालयका मुख्य सचिवको हुनेछ र निर्वाचनमा जिल्ला सभापति, उपसभापति, सचिव र सहसचिव पदमा उम्मेदवार हुन चाहनेले मनोनयन पत्र दाखिला गर्दा निरन्तर क्रियाशिल सदस्यको प्रमाणीत निस्सा समेत मनोनयन पत्र साथ दाखिला गर्नु पर्नेछ ।

७. मनोनयन पत्र दर्ता सम्बन्धी व्यवस्था:

(क) पार्टी विधान अनुसार हुने तह र पदको निर्वाचनको निमित्त योग्यता पुगेका व्यक्तिले निर्वाचनका लागि गठित केन्द्रीय निर्वाचन समिति, खटिई आएका निर्वाचन अधिकृत वा मतदान अधिकृत समक्ष तोकिएको समयभित्र अनुसूची –१३, १४, १५, १६, १७ मा दिइएको ढाँचामा रीतपूर्वक मनोनयन पत्र दाखिला गर्नु पर्नेछ ।

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

(ख) केन्द्रीय सभापतिका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरू मध्येवाट कम्तीमा दश जना प्रस्तावक र दश जना समर्थक रहेको मनोनयन पत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

(ग) केन्द्रीय उपसभापति, केन्द्रीय महामन्त्रीका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरू मध्येवाट कम्तीमा सात जना प्रस्तावक र सात जना समर्थक रहेको मनोनयन पत्र, केन्द्रीय सह-महामन्त्रीका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरू मध्येवाट कम्तीमा पाँच जना प्रस्तावक र पाँच जना समर्थक एवं सदस्यको हकमा तीन जना प्रस्तावक र तीन जना समर्थक रहेको मनोनयन पत्र केन्द्रीय निर्वाचन समितिमा दाखिला गर्नु पर्नेछ ।

(घ) कुनै पनि तहको पदमा उम्मेदवार हुन, मनोनयन पत्र दर्ता गर्दा वा उम्मेदवारीबाट नाम फिर्ता लिंदा उम्मेदवार आफै उपस्थित हुन नसक्ने भएमा वारेस मार्फत मनोनयन पत्र दर्ता वा फिर्ता लिन सकिनेछ । वारेसनामाको नमूना अनुसूची –११ र १२ मा दिइएको छ ।

(ङ) मनोनयन पत्र दाखिला गर्दा लाग्ने दस्तुर अनुसूची –२१ मा राखिएको छ । सो अनुसूचीमा उल्लेख भए वमोजिम उम्मेदवारले सम्भव भए सम्म नेपाली कांग्रेस पार्टीको केन्द्रीय निर्वाचन समितिको प्रभु बैंकमा रहेको खाता नं ११३००७२६४३६०००२९ मा वा यसै निर्देशिकाको अनुसुची -२६ मा रहेको बैंकको क्युआर कोडमा मार्फत दस्तुर बुझाउनु पर्नेछ । दस्तुर सम्बन्धी अन्य विषयमा निर्वाचन समितिले निर्णय गरे बमोजिम हुनेछ।

(च) उठेको दस्तुरको सम्वन्धमा निर्वाचन व्यबस्थापन खर्च कटाई बाँकी रकम केन्द्रीय निर्वाचन समितिमा बुझाउनुपर्नेछ।

(छ) रीतपूर्वक दाखिल नभएको मनोनयन पत्र रद्द गर्ने अधिकार सम्बन्धित निर्वाचन वा मतदान अधिकृतलाई हुनेछ।

## परिच्छेद ४

## मतदान र मतगणना सम्बन्धी ब्यबस्था

८. मतपत्र र मतपेटिका सम्बन्धी व्यवस्था:

देहायका पदहरूका निमित्त निर्वाचन गराउदा प्रत्येक पदको निमित्त मतपत्र (यथासम्भव छुट्टै रंगको) र मतपेटिका छुट्टाछुट्टै प्रयोग गरिनेछ ।

(क) विधानको धारा २१ को उपधारा (१), (२) र (३) अनुसार केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्रीाको निर्वाचनको निमित छुट्टा छुट्टै मतपेटिका राखिनेछ।

(ख) विधानको धारा २१ को उपधारा (५) अनुसार महाधिवेशन प्रतिनिधिहरू मध्येबाट निर्वाचित हुने ३५ जना केन्द्रीय कार्यसमितिको सदस्यहरूको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ।

(ग) विधानको धारा २१ को उपधारा (६) अनुसार महिला महाधिवेशन प्रतिनिधिहरू मध्येवाट निर्वाचित हुने ९ जना केन्द्रीय कार्यसमितिको सदस्यहरूको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ।

(घ) विधानको धारा २१ को उपधारा (७) अनुसार प्रत्येक प्रदेशका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येवाट १ महिलासहित ३ जना रहने गरी निर्वाचित हुने २१ जना केन्द्रीय कार्यसमितिको सदस्यहरूको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ।

(ङ) विधानको धारा २१ को उपधारा (८) अनुसार दलित महाधिवेशन प्रतिनिधि मध्येवाट ४ महिला एक मधेसी दलित सहित १० जना, आदिवासी जनजाति महाधिवेशन प्रतिनिधि मध्येबाट ७ जना महिला सहित १५ जना, खस आर्य महाधिवेशन प्रतिनिधि मध्येबाट ६ जना महिला सहित १३ जना, मधेशी महाधिवेशन प्रतिनिधि मध्येबाट ४ महिला सहित ९ जना, थारु महाधिवेशन प्रतिनिधि मध्येबाट २ महिला सहित ४ जना, मुस्लिम महाधिवेशन प्रतिनिधि मध्येबाट १ महिला सहित ३ जना र पिछडिएको क्षेत्रका महाधिवेशन प्रतिनिधि मध्येबाट १ जना गरी जम्मा ५५ जना केन्द्रीय कार्यसमितिको सदस्यहरूको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिने छ ।

(च) विधानको धारा २१ को उपधारा (९) अनुसार पेशा व्यबसाय, श्रमिक र विषयगत क्षेत्रमा क्रियाशील रही नेपाली कांग्रेसमा आवद्ध भएका श्रमिक, पेशागत विषय विज्ञ महाधिवेशन प्रतिनिधिहरू मध्येबाट २ महिला सहित सात जना केन्द्रीय कार्यसमितिको सदस्यहरूको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ।

(छ) विधानको धारा २१ को उपधारा (१०) अनुसार पैतिस वर्ष मुनिका युवा महाधिवेशन प्रतिनिधिहरू मध्येबाट प्रत्येक प्रदेशभित्रका महाधिवेशन प्रतिनिधिमध्येबाट १ महिला सहित दुई जना र खुल्ला सात जना विधानको धारा २१ को उपधारा (९) अनुसार केन्द्रीय कार्यसमितिको सदस्यहरूको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ।

(ज) विधानको धारा २१ को उपधारा (११) अनुसार नेपाली जनसम्पर्क समितिका महाधिवेशन प्रतिनिधि मात्र उम्मेदवार हुनेगरी महिला १, युरोप क्षेत्र १, ओसियाना-अमेरिका क्षेत्र १, मध्यपूर्व क्षेत्र १, एसिया-प्यासिफिक १, भारत १ गरी छ जना केन्द्रीय कार्यसमितिको सदस्यहरूको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ।

(झ) विधानको धारा २१ को उपधारा (१२) मा अल्पसंख्यक महाधिवेशन प्रतिनिधि मध्येबाट १ र अपाङ्गता भएका महाधिवेशन प्रतिनिधि मध्येबाट १ गरी २ जना केन्द्रीय कार्यसमितिको सदस्यहरूको निर्वाचनको निमित्त बेग्लै मतपेटिका राखिनेछ ।

(ञ) विधानको धारा ६, ७, ८, ९, १०, ११ र १२ बमोजिम हुने निर्वाचनका लागि आवश्यकता अनुसारको मतपेटिका निर्वाचन अधिकृत र मतदान अधिकृतले व्यवस्था गर्न सक्नेछन्।

(ट) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि निर्वाचनको सहजताको लागि केन्द्रीय पदाधिकारीसंगको परामर्शमा केन्द्रीय निर्वाचन समितिबाट मतपेटिका र मतपत्रको प्रयोग सम्बन्धमा उपयुक्त व्यवस्था गर्न सकिनेछ ।

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

*<u>स्पष्टिकरण:</u> यस दफा बमोजिम निर्वाचन हुने विभिन्न कलष्टर वा क्षेत्रका पदहरूमा सम्बन्धित कलष्टर वा क्षेत्रबाट उम्मेदवार हुनेछन् भने सवै महाधिवेशन प्रतिनिधिहरू मतदाता हुनेछन्। पदेन र भातृ संघ तथा शुभेच्छुक संस्थाबाट प्रतिनिधिधित्व गर्ने प्रतिनिधिको मताधिकार मात्र रहनेछ।*

९. <u>मतदान गर्ने तरिका:</u>

(क) मतदाताले मत संकेत गर्दा आफूले मत दिन चाहेको उम्मेदवारको नामको अगाडि रहेको मत संकेत गर्ने कोष्ठमा (√) यस्तो चिन्ह लगाउनु पर्छ । मतदान गर्ने प्रयोजनका लागि विद्युतीय Voting Machine प्रयोग गर्न सकिनेछ ।

स्पष्टिकरणः- माथि दफा ७ मा जुनसुकै कुरा लेखिएपनि विद्युतीय भोटिङ्ग प्रयोग भएमा प्रयोग भएको उपकरणलाई नै मतपेटिका भनिनेछ ।

(ख) मतदाताले स्वयं मतदान गर्न नसकेको अवस्थामा निजले इच्छाएको व्यक्ति/मतदान/निर्वाचन अधिकृतले मतदान गर्ने व्यवस्था गर्नेछ ।

(ग) मतदानको क्रममा Congress ID को सक्कल वा डिजिटल कपी वा आफ्नो फोटो सहितको परिचय खुल्ने परिचय पत्र, National ID वा नागरिकताको प्रमाण पत्र, सवारी चालक प्रमाण पत्र, राहदानी वा मतदाता परिचय पत्र वा फोटो सहितको जग्गाधनी प्रमाण पूर्जा वा फोटो सहितको आफू निर्वाचित भएको पदको प्रमाण पत्र वा यस्तै अन्य परिचय देखाउनुपर्नेछ ।

१०. <u>मतपत्र बदर हुने अवस्था:</u>

मतगणना गर्दा देहाय बमोजिमको मतपत्रलाई वदर गर्नु पर्नेछ ।

(क) मतदान अधिकृतको सही नभएको मतपत्र ।

(ख) जुन स्थानका लागि जति संख्यामा प्रतिनिधि छान्नु पर्ने हो, त्यो भन्दा बढी उम्मेदवारलाई मत दिएको मतपत्र ।

(ग) तोकिएको कोष्ठ बाहिर पर्ने गरी चिन्ह लगाएको मतपत्र ।

(घ) कुनै अन्य चिन्ह लगाएको वा कागजमा यस्तै अन्य सांकेतिक वस्तु राखेको मतपत्र ।

(ङ) दुई वा दुई भन्दा बढी उम्मेदवारको नामको अगाडि कुन उम्मेदवारलाई मत दिएको भनी छुट्याउन नसकिने मतपत्र।

(च) मतपेटिका भन्दा बाहिर राखिएको मतपत्र ।

(छ) तोकिएको भन्दा बाहेकको मतपत्र।

## परिच्छेद ५

### <u>विविध</u>

११. <u>केन्द्रीय कार्यसमितिको निर्णय बमोजिम हुने:</u>

१५औं महाधिवेशन प्रयोजनको लागि नेपाली कांग्रेसको विधान २०१७ (एघारौं संशोधन सहित) को धारा ५० उपधारा (५) र धारा (७१) बमोजिम विधानमा उल्लेखित केही विषयलाई व्याख्या गर्न

आवश्यक परेकोले नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको मिति २०८३ साउन २४–भाद्र १ गतेको बैठकले महाधिवेशनबाट अनुमोदन गर्ने गरी १५औं महाधिवेशनका लागि गरेका निर्णयलाई यसै निर्देशिकामा समावेश गरिएको छ। अधिवेशनसंग सम्बन्धित सो निर्णयहरू यस निर्देशिकाको अंगको रुपमा रहनेछन्।

१२. <u>केन्द्रीय निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुने:</u>

केन्द्रीय निर्वाचन समितिद्वारा गरिएको निर्वाचन सम्वन्धी सवै निर्णय अन्तिम हुनेछ। साथै केन्द्रीय निर्वाचन समिति समक्ष उजूरी परी अन्यथा निर्णय भएकोमा बाहेक निर्वाचन वा मतदान अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ । छानवीन र अनुसन्धानको कार्यविधि केन्द्रीय निर्वाचन समितिले आफैं निर्धारित गर्नेछ।

१३. <u>निर्वाचन तालिका:</u>

केन्द्रीय कार्यसमितिले तोके बमोजिम विधानको धारा ३५(२)(च) अनुसार तहगत अधिवेशनको निर्वाचन तालिका (क्यालेण्डर) केन्द्रीय निर्वाचन समितिले निर्धारण गरी प्रकाशित गर्नेछ। पार्टी केन्द्रीय कार्यसमितिसँग समन्वय गरी केन्द्रीय निर्वाचन समितिले प्रकाशित गरेको निर्वाचन तालिकालाई यसै निर्देशिका अनुसार प्रकाशित गरेको मानिनेछ ।

१४. <u>वाधा अड्काउ फुकाउने:</u>

निर्वाचन सम्पन्न गर्ने सिलसिलामा कुनै वाधा अड्चन आइ परेमा केन्द्रीय निर्वाचन समितिले निर्णय गरी वाधा अड्काउ फुकाउन सक्नेछ र त्यसरी गरेको निर्णय यही निर्देशिका वमोजिम भएको मानिनेछ।

१५. <u>विविध:</u>

(क) विधानको धारा १२ (५) (क) (१) बमोजिम जिल्ला सभापतिको निर्वाचन गर्दा एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा समेत केन्द्रीय महाधिवेशन प्रतिनिधिहरू मध्येबाट जिल्ला सभापतिको चयन गर्नेछन्।

(ख) मतदाताहरूको परिचय सम्वन्धमा विवाद उत्पन्न भएको खण्डमा Congress ID, आफ्नो फोटो सहितको परिचय खुल्ने परिचय पत्र, National ID वा नागरिकताको प्रमाण पत्र, सवारी चालक प्रमाण पत्र, राहदानी वा मतदाता परिचय पत्र वा फोटो सहितको जग्गाधनी प्रमाण पूर्जा वा फोटो सहितको आफू निर्वाचित भएको पदको प्रमाण पत्र वा यस्तै अन्य परिचय पत्र हुन सक्नेछन्।

तर निर्वाचित भएको प्रमाण पत्रमा फोटो रहनु अनिवार्य हुने छैन।

(ग) उम्मेदवार भन्नाले दावी विरोध पछि प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भए पछिको अवस्थालाई जनाउँछ।

(घ) पन्ध्रौ महाधिवेशन सम्पन्न भएको तीन महिनाभित्र बाँकी रहेको तह र पदको निर्वाचन सम्पन्न गर्ने गरी केन्द्रीय निर्वाचन समितिले अधिकार प्रत्यायोजन गर्न सक्ने छ।

केन्द्रीय निर्वाचन समिति नेपाली कांग्रेस

(ङ) क्रियाशील सदस्यहरूको नाम, थर, वतन, उमेर, पिता/माताको नाम वा यस्तै अन्य विवरणमा भएका सामान्य त्रुटि सच्याउने अधिकार सम्वन्धित निर्वाचन/मतदान अधिकृतलाई हुनेछ । निर्वाचन अधिकृतले डिजिटल माध्यमबाट त्यस्तो त्रुटी सच्याउन सक्नेछ।

(च) कुनै पनि तहको वहुपदका लागि हुने निर्वाचनमा कुनै व्यक्तिको हकमा सर्वसम्मति र वाँकीका हकमा निर्वाचन गर्न पाईने छैन। साथै खुल्लाको लागि भएको निर्वाचनभित्र आरक्षण भनेर फरक फरक मतभार हुनसक्ने छैन।

(छ) क्रियाशील सदस्यता एक क्षेत्रबाट लिएको राष्ट्रिय निर्वाचनमा अर्को क्षेत्रमा मतदाता रहेको व्यक्तिका हकमा नेपाली कांग्रेसको पन्धौं महाधिवेशनमा मतदाता हुने प्रयोजनको लागि क्रियाशील रहेको सदस्यता भएको क्षेत्र नै निजको क्षेत्र कायम हुनेछ। उम्मेदवार रहेको हकमा निज उम्मेदवार रहेको क्षेत्रबाट प्रतिनिधित्व गर्न बाधा पर्ने छैन। साथै, कुनै गाउँ नगरपालिका एक भन्दा वढी निर्वाचन क्षेत्रमा परेको हकमा निजको क्रियाशील सदस्यता जुन क्षेत्रमा पर्ने वडामा छ त्यही क्षेत्र नै निजको क्षेत्र कायम हुनेछ।

(ज) जिल्ला स्थित सम्पूर्ण तहको अधिवेशनको लागि विशेष कारणवस सभापति उपस्थित हुन नसकेमा उपसभापतिको अध्यक्षतामा र उपसभापति पनि उपस्थित हुन नसेकमा सचिवको अध्यक्षतामा अधिवेशन गर्नुपर्नेछ। विधान बमोजिम कुनै तह वा पदाधिकारीले आफ्नो जिम्मेवारी पुरा नगरेमा वा यस सम्बन्धमा तत्काल कुनै निर्णय गर्नुपर्ने भएमा जिल्ला मातहत तहको हकमा केन्द्रलाई जानकारी गराई निर्वाचन अधिकृतले जिल्ला समितिसंग समन्वय गरी अधिवेशन सम्पन्न गर्न आवश्यक व्यबस्था गर्नेछ। अन्य ब्यबस्था पार्टीको विधान अनुसार केन्द्रले निर्णय गरे बमोजिम हुनेछ।

(झ) कुनै तहको जनसंख्याको बनौटको तथ्याङ्क उपलब्ध हुन नसकेमा सो भन्दा माथिल्लो तहको जनसंख्याको बनौट अनुसार समानुपातिक आधारमा समानुपातिक समावेशी समूहको सिट संख्या निर्धारण गर्न वाधा पर्ने छैन।

तर, यसरी निर्धारण गर्दा कुनै कलष्टरको न्युन जनसंख्या भएका कारण प्रतिनिधित्व हुन नसक्ने अबस्था आएमा वडामा क्रियाशील सदस्य भएको र प्रत्यक्षतर्फ समेत प्रतिनिधित्व नभएको हदसम्म समानुपातिकतर्फ न्युनतम एक जनाको प्रतिनिधित्व अनिवार्य गर्नुपर्नेछ।

(ञ) विधानको धारा ६ (३) (क) (२), ७ (३) (२) मा उल्लेखित बढीमा ५५ को सीमाभित्र भन्नेलाई ७५ को सीमा मानिने छ र सो शब्दले पदेन बाहेकको प्रत्यक्ष र समानुपातिक दुवैलाई बुझाउनेछ।

(ट) स्थानीय निर्वाचनमा निर्वाचित जनप्रतिनिधिको क्रियाशील सदस्यताको नवीकरण-अद्यावधिक छुटेको खण्डमा निजको स्थानीय तहमा निर्वाचित भएको प्रमाणपत्र हेरी निर्वाचन अधिकृतले मतदाता नामावलीमा समावेश गर्न सक्नेछ। कुनै सदस्यले नवीकरण

केन्द्रीय निर्वाचन समिति * नेपाली कांग्रेस *

गरेको तर अन्यथा भएमा सम्बन्धित कार्यसमिति र सदस्यता व्यबस्थापन समितिसंग समन्वय गरी निर्वाचन अधिकृतले सो नाम रुजु गरी सूचीमा समावेश गर्न सक्नेछ।

(ठ) विधानको धारा ६ (३)(क) (२) र ७ (३) (२) मा उल्लेखित क्रियाशिल सदस्यको संख्या १५० भन्दा माथि प्रति १५० भन्नेमा १०० जना अनिवार्य हुनु पर्नेछ।

(ड) विदेश स्थित जनसम्पर्क समितिको अधिवेशनबाट चयन हुने केन्द्रीय महाधिवेशन प्रतिनिधिले नेपाली नागरिकता नत्यागेको स्वघोषणा निर्वाचन समितिमा पेश गर्नुपर्ने छ।

(ढ) विधानको धारा ६ (३)(ख), ७(३)(ख) बमोजिम समानुपातिक तर्फ क्षेत्रीय प्रतिनिधि, प्रदेश अधिवेशन प्रतिनिधि र धारा ११(२)(ख) बमोजिम महाधिवेशन प्रतिनिधिको निर्वाचित गर्दा प्रत्यक्षतर्फ प्रतिनिधित्व हुन नसकेका कलष्टरको न्युनतम एकजना प्रतिनिधि सुनिश्चितालाई प्राथमिकता दिनुपर्नेछ।

(ण) विधानको धारा ११(२)(ख) बमोजिम महाधिवेशन प्रतिनिधिको निर्वाचित गर्दा समानुपातिकतर्फ मधेशी दलित जनसंख्या भएको क्षेत्रमा १ जना मधेशी दलितबाट प्रतिनिधित्व हुनेगरी गर्नुपर्नेछ।

(त) यस निर्देशिकामा उल्लेख गरिएका बाहेक कुनै महत्वपूर्ण निर्णय लिनु परेमा केन्द्रीय निर्वाचन समितिले निर्णय लिन सक्नेछ । सो निर्णय यसै निर्देशिकाको अभिन्न अंग हुनेछ।

(थ) हरेक तहमा निर्वाचित पदाधिकारी, सदस्य र प्रतिनिधिले अनुसूची –२७ बमोजिमको प्रतिज्ञा गर्नुपर्नेछ।

(द) पेशागत क्षेत्र, श्रमिक, अपांगता, शहिद परिवार, द्वन्द्व प्रभावित, प्रजातन्त्र सेनानीबाट प्रतिनिधित्व गर्ने व्यक्तिले सोको पुष्ट्याई हुने कागजात वा परिचयपत्र पेश गर्नु पर्नेछ ।

नोट: विधान बमोजिम समावेशी समूह अन्तर्गत जनसंख्याको आधारमा प्रतिनिधित्व हुने संख्याको विवरण तालिका यसै निर्देशिकाको अभिन्न अंग हुने गरी यसै साथ समावेश गरिएको छ।

(ध) नेपाली कांग्रेसको विधान बमोजिम पार्टीसंग आवद्ध हरेक शुभेच्छुक संस्थाबाट प्रचलित कानूनले पार्टी सदस्यता लिन बञ्चित गरेको बाहेकको हकमा नियमावलीमा उल्लेख भए बमोजिमका संघ तथा संस्थाबाट अध्यक्ष सहित ३ जना महाधिवेशन प्रतिनिधि सहभागि हुने संस्थामा १ महिलासहित ३ जना, ५ जनाको हकमा २ महिलासहित ५ जना र ७ जनाको हकमा २ महिलासहित ७ जना र ११ जनाको हकमा ३ महिलासहित ११ जना १५औं महाधिवेशनमा सहभागि हुन पाउनेछन्। नियमावलीमा उल्लेख नभएका तर पार्टीबाट मान्यताप्राप्त शुभेच्छुक संस्थाबाट १ महिला सहित ३ जनाको प्रतिनिधित्व रहनेछ।

**(न) केन्द्रको वेवसाइटमा रहेको सफ्टवेयरमा डाटा इन्ट्री गर्ने सम्बन्धी व्यबस्था**

१. नेपाली कांग्रेसको आधिकारिक वेवसाइट www.nepalicongress.org मा महाधिवेशनको

(क) वडा

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

(ख) गाउँपालिका/नगरपालिका

(ग) प्रदेश सभा

(घ) प्रतिनिधि सभा

(ङ) जिल्ला

(च) प्रदेश

(छ) जनसम्पर्क समितिको

पदाधिकारी एवं सदस्यहरू, प्रतिनिधिहरू, सबै तहका उम्मेदवारहरूको निर्वाचन पछिको मत संख्या सहितको परिणामलाई निर्वाचन अधिकृतले डाटा इन्ट्री गर्नु पर्नेछ ।

२. डाटा इन्ट्री गर्न केन्द्रीय निर्वाचन समितिले निर्वाचन अधिकृतहरूलाई Login ID/Password उपलब्ध गराउनेछ। Login ID/Password Entry गरे पश्चात आउने हरेक तहको "निर्वाचन परिणामको फारम" मा इन्ट्री गरी केन्द्रीय निर्वाचन समितिमा पठाउनु पर्नेछ।

३. हरेक उम्मेदवारको मोवाइल÷टेलिफोन नम्बर अनिवार्य रुपमा राख्नु पर्नेछ ।

४. सातै प्रदेशका निर्वाचन अधिकृतले प्रदेश समितिको पदाधिकारी एवं सदस्यहरू, प्रतिनिधिहरूको उम्मेदवारहरूले प्राप्त गरेको मत संख्या र मोवाइल/टेलिफोन नं. सहितको परिणाम वेवसाइटमा उपलब्ध "निर्वाचन परिणामको फारम" मा इन्ट्री गर्नु पर्नेछ ।

५. केन्द्रीय निर्वाचन समितिले केन्द्रको पदाधिकारी एवं सदस्यहरू र उम्मेदवारहरूले ल्याएको मत परिणाम र मोवाइल/टेलिफोन नम्बर सहितको परिणाम वेवसाइटमा उपलब्ध अनुसूची–२२ बमोजिमको "निर्वाचन परिणामको फारम" मा इन्ट्री गरिनेछ।

६. वडा तहदेखि केन्द्रीय तहसम्म निर्वाचित हुने पदाधिकारी र सदस्यहरूको विवरण अनुसूची –२५ अनुसार हुनेछ।

१७. <u>आचारसहिंता पालन गर्नुपर्नेः</u> नेपाली कांग्रेसको १५औं महाधिवेशनका उम्मेदवारले देहाय बमोजिमको आचारसंहिता अनिवार्य रुपमा पालना गर्नुपर्ने छ।

**नेपाली कांग्रेसको १५औं महाधिवेशनका उम्मेदवारले पालना गर्नुपर्ने आचारसंहिता**

१. **प्रचार-प्रसारको मर्यादा :**

उम्मेदवारले निर्वाचन प्रचार-प्रसारका क्रममा जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम सञ्चालन गर्दा सभ्य, शिष्ट, मर्यादित तथा अनुशासित व्यवहार गर्नुपर्नेछ। अन्य उम्मेदवार, प्रतिनिधि वा कार्यकर्ताको मान-सम्मानमा आँच पुग्ने कुनै गतिविधि गर्न वा गराउन पाइने छैन।

२. **सार्वजनिक स्थलको प्रयोग :**

निर्वाचन समितिको अनुमति तथा सम्बन्धित निकायको प्रचलित नियमबमोजिम बाहेक सार्वजनिक स्थलमा होहल्ला, अव्यवस्थित भीड, यातायात अवरोध वा सार्वजनिक शान्ति भंग हुने किसिमका गतिविधि गर्न वा गराउन पाइने छैन।

३. **प्रचार सामग्री तथा पोशाक :**

उम्मेदवार वा निजका समर्थक तथा प्रचारकले निर्वाचन प्रचार-प्रसारका क्रममा उम्मेदवारको फोटो, नाम वा चुनाव चिह्न अंकित टोपी/क्याप, भेस्ट, टी-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क, लकेट वा यस्तै अन्य प्रचारात्मक सामग्री लगाउन वा प्रयोग गर्न पाइने छैन। तर उम्मेदवारले आफ्नो उम्मेदवारी र आफूले उम्मेदवारी दिएको पदसम्बन्धी सामान्य परिचय वा जानकारी दिने पर्चा/पम्प्लेट वितरण गर्न सक्नेछ।

४. **निषेधित सामग्रीको प्रयोग :**

प्रचलित कानून, निर्वाचन समितिको निर्णय वा स्थानीय प्रशासनबाट निषेध गरिएका कुनै पनि सामग्री निर्वाचन स्थल वा प्रचार/प्रसारका कार्यक्रममा लैजान, प्रदर्शन गर्न वा प्रयोग गर्न पाइने छैन।

५. **सार्वजनिक शान्ति र सुव्यवस्था :**

जुलुस, आमसभा, कोणसभा, भेला, बैठक वा अन्य प्रचार-प्रसारका कार्यक्रम गर्दा सार्वजनिक शान्ति, सुव्यवस्था, आवागमन तथा अन्य व्यक्तिको दैनिक जीवनमा अनावश्यक अवरोध नपुग्ने गरी सञ्चालन गर्नुपर्नेछ।

६. **बालबालिकाको प्रयोग निषेध :**

निर्वाचन प्रचार-प्रसार, आमसभा, जुलुस, भेला वा अन्य निर्वाचनसम्बन्धी गतिविधिमा बालबालिकालाई सहभागी गराउन, प्रयोग गर्न वा गराउन पाइने छैन।

७. **सवारी साधनको दुरुपयोग निषेध :**

भित्तेलेखन, सार्वजनिक संरचनामा प्रचार सामग्री टाँस्ने वा लेख्ने तथा चारपाङ्ग्रे सवारी साधन, मोटरसाइकल, साइकल वा अन्य सवारी साधनको प्रयोग गरी जुलुस/र्‍याली आयोजना गर्ने वा प्रचार-प्रसार गर्ने कार्य गर्न वा गराउन पाइने छैन।

८. **व्यक्तिगत मर्यादा र समावेशी सम्मान :**

ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा कुनै पनि वर्ग, समुदाय वा समूहको भावना, इज्जत, चरित्र, प्रतिष्ठा वा सामाजिक मर्यादामा आँच पुग्ने गरी प्रचार-प्रसार, वक्तव्य, अभिव्यक्ति वा सामाजिक सञ्जाल सामग्री प्रकाशन/प्रसारण गर्न वा गराउन पाइने छैन।

९. **धर्म, जात, भाषा तथा समुदायका आधारमा मत माग्न निषेध :**

कुनै धर्म, जात, जाति, भाषा, क्षेत्र, सम्प्रदाय, समुदाय वा सांस्कृतिक पहिचानको आधारमा मत माग्न, मतदातालाई प्रभावित गर्न वा कुनै उम्मेदवारको पक्ष वा विपक्षमा वातावरण निर्माण गर्न पाइने छैन।

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

१०. **डर, त्रास तथा धम्की निषेध :**

कुनै उम्मेदवार, मतदाता, प्रतिनिधि, समर्थक, प्रस्तावक, समर्थक वा निजका परिवारका सदस्यलाई कुनै पनि माध्यमबाट डर, त्रास, धम्की, दबाब, हैरानी वा असुरक्षाको अनुभूति हुने कार्य गर्न वा गराउन पाइने छैन।

**११. साम्प्रदायिक तथा विभाजनकारी अभिव्यक्ति निषेध :**

कुनै जात, धर्म, समुदाय, क्षेत्र, भाषा वा समूहबीच वैमनस्य, घृणा, द्वेष वा विभाजन सिर्जना हुने गरी प्रचार-प्रसार, वक्तव्य, नारा वा सामाजिक सञ्जाल सामग्री प्रकाशन वा प्रसारण गर्न पाइने छैन।

**१२. भोजभतेर तथा आर्थिक/जिन्सी प्रलोभन निषेध :**

उम्मेदवारले मत प्रभावित गर्ने उद्देश्यले भोजभतेर, पार्टी, मनोरञ्जनात्मक कार्यक्रम वा अन्य कुनै किसिमको आतिथ्य आयोजना गर्न तथा नगद, उपहार, जिन्सी सामग्री, कुपन वा अन्य आर्थिक लाभ वितरण गर्न वा गराउन पाइने छैन। त्यस्तै, निर्वाचन सम्पन्न भएपछि विजयी भएको कारण देखाई मतदाता, प्रतिनिधि वा समर्थकका लागि मत प्रभावित गर्ने उद्देश्यले भोजभतेर वा आर्थिक/जिन्सी लाभ वितरण गर्न पाइने छैन।

**१३. मतदानको गोपनीयता :**

मतदान स्थलमा मोबाइल फोन, क्यामेरा वा अन्य विद्युतीय उपकरण प्रयोग गरी मतपत्रमा आफूले मतदान गरेको वा अन्य व्यक्तिले मतदान गरेको देखिने गरी फोटो, भिडियो वा अन्य अभिलेख तयार गर्न, गराउन वा सार्वजनिक गर्न पाइने छैन।

**१४. मतको गोपनीयतामा हस्तक्षेप निषेध :**

कुनै मतदाता वा महाधिवेशन प्रतिनिधिले कसलाई मतदान गर्ने भन्ने विषयमा प्रत्यक्ष वा अप्रत्यक्ष दबाब, प्रभाव, बाध्यता वा हस्तक्षेप गर्न पाइने छैन। कसैले आफ्नो मत कसलाई दिएको प्रमाणित गर्न बाध्य पार्न पनि पाइने छैन।

**१५. झुटा, भ्रामक वा अपमानजनक प्रचार निषेध :**

कुनै उम्मेदवार वा व्यक्तिको चरित्र, व्यक्तिगत जीवन, पेशागत प्रतिष्ठा वा राजनीतिक योगदानका सम्बन्धमा असत्य, भ्रामक, अपुष्ट वा मानहानिकारक सामग्री प्रचार-प्रसार गर्न, प्रकाशित गर्न वा सामाजिक सञ्जालमार्फत प्रसारित गर्न पाइने छैन।

**१६. सामाजिक सञ्जालको मर्यादित प्रयोग :**

फेसबुक, एक्स, युट्युब, टिकटक, इन्स्टाग्राम, म्यासेन्जर, भाइबर, ह्वाट्सएप वा अन्य कुनै सामाजिक सञ्जाल तथा डिजिटल माध्यम प्रयोग गर्दा यस आचारसंहिताको पालना गर्नुपर्नेछ। उम्मेदवारले आफैं वा आफ्नो तर्फबाट सञ्चालित/प्रयोग गरिएको सामाजिक सञ्जालमार्फत अन्य उम्मेदवार वा प्रतिनिधिको मान-प्रतिष्ठामा आँच पुग्ने, घृणा वा द्वेष फैलाउने वा झुटा/भ्रामक सूचना सम्प्रेषण गर्न वा गराउन पाइने छैन।

**१७. कृत्रिम सामग्री तथा भ्रामक डिजिटल प्रचार निषेध :**

अन्य उम्मेदवारको आवाज, तस्वीर वा अभिव्यक्तिलाई तोडमोड गरी वास्तविक नभएको सामग्री सिर्जना गरेर मतदातालाई भ्रमित गर्ने वा उम्मेदवारको प्रतिष्ठामा आँच पुऱ्याउने किसिमको डिजिटल सामग्री, सम्पादित भिडियो, अडियो वा अन्य कृत्रिम सामग्री उत्पादन तथा प्रसारण गर्न पाइने छैन।

**१८. पार्टी तथा संस्थागत स्रोतको दुरुपयोग निषेध :**

नेपाली कांग्रेस वा यसका भ्रातृ/शुभेच्छुक संस्थाका कार्यालय, स्रोत-साधन, कर्मचारी, सवारी साधन, आर्थिक स्रोत वा अन्य संस्थागत सम्पत्तिको कुनै उम्मेदवारको व्यक्तिगत निर्वाचन प्रचार-प्रसारका लागि दुरुपयोग गर्न पाइने छैन, जबसम्म निर्वाचन समितिले सबै उम्मेदवारलाई समान रूपमा उपलब्ध हुने गरी त्यस्तो सुविधा तोकेको नहोस्।

**१९. सरकारी तथा सार्वजनिक स्रोतको दुरुपयोग निषेध :**

सरकारी निकाय, सार्वजनिक संस्था वा सार्वजनिक स्रोत-साधनको प्रयोग गरी कुनै उम्मेदवारको पक्षमा निर्वाचन प्रचार-प्रसार गर्न वा गराउन पाइने छैन।

**२०. पद तथा प्रभावको दुरुपयोग निषेध :**

पार्टीको कुनै पद, सार्वजनिक पद, संस्थागत जिम्मेवारी वा व्यक्तिगत प्रभावको प्रयोग गरी महाधिवेशन प्रतिनिधि वा मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न दबाब वा प्रभाव पार्न पाइने छैन।

**२१. प्रतिनिधि खरिद-बिक्री निषेध :**

कुनै महाधिवेशन प्रतिनिधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नगद, जिन्सी, सुविधा, नियुक्ति, पद, अवसर वा अन्य कुनै प्रकारको लाभको प्रलोभन दिई मत प्राप्त गर्ने वा मत प्रभावित गर्ने कार्य गर्न पाइने छैन।

**२२. अन्य उम्मेदवारको प्रचार सामग्री नष्ट गर्न निषेध :**

कुनै उम्मेदवारले अर्को उम्मेदवारले कानूनसम्मत रूपमा राखेको वा वितरण गरेको प्रचार सामग्री च्यात्न, हटाउन, बिगार्न, नष्ट गर्न वा अवरोध गर्न पाइने छैन।

**२३. निर्वाचन समितिको निर्देशन पालना :**

निर्वाचन समितिले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र व्यवस्थित रूपमा सञ्चालन गर्न समय-समयमा जारी गरेको निर्देशन, सूचना तथा निर्णय सबै उम्मेदवार, प्रस्तावक, समर्थक तथा प्रचारकले अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

**२४. निर्वाचन स्थलको मर्यादा :**

निर्वाचन स्थलमा नाराबाजी, होहल्ला, भीडभाड, शक्ति प्रदर्शन, धर्ना, अवरोध वा मतदान प्रक्रियामा बाधा पुग्ने कुनै गतिविधि गर्न पाइने छैन। निर्वाचन सम्पन्न भएपछि निर्वाचन स्थलमा भएको पर्चा, पम्पलेट, फेलेक्स, लगायतका फोहरमैला सम्बन्धित उम्मेदवारले नै सफा गर्नु पर्नेछ ।

केन्द्रीय निर्वाचन समिति नेपाली कांग्रेस

**२५. मतदाता/प्रतिनिधिसँग प्रत्यक्ष सम्पर्कको मर्यादा :**

मतदानको दिन वा निर्वाचन समितिले तोकेको निषेधित अवधिमा मतदातालाई मतदानस्थलमा प्रभाव पार्ने उद्देश्यले सम्पर्क गर्ने, मत माग्ने, पछ्याउने, दबाब दिने वा प्रचार सामग्री वितरण गर्ने कार्य गर्न पाइने छैन।

**२६. मौन अवधिको पालना:**

निर्वाचन समितिले प्रचार-प्रसार बन्द गर्न तोकेको समयदेखि मतदान सम्पन्न नभएसम्म कुनै पनि माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष निर्वाचन प्रचार-प्रसार, मत माग्ने वा उम्मेदवारको पक्षमा वातावरण निर्माण गर्ने कार्य गर्न पाइने छैन।

**२७. उम्मेदवारको सामूहिक जिम्मेवारी :**

उम्मेदवारले आफ्नो तर्फबाट निर्वाचन प्रचार-प्रसारमा संलग्न प्रस्तावक, समर्थक, प्रतिनिधि, प्रचारक तथा स्वयंसेवकलाई समेत यस आचारसंहिताको पालना गर्न निर्देशन दिनुपर्नेछ। निजको प्रत्यक्ष निर्देशन, संलग्नता वा जानकारीमा आचारसंहिता उल्लङ्घन भएको प्रमाणित भएमा उम्मेदवारसमेत जिम्मेवार हुनेछ।

**२८. उजुरी तथा प्रमाण :**

यस आचारसंहिताको उल्लङ्घन भएको सम्बन्धमा कुनै उम्मेदवार वा प्रतिनिधिले निर्वाचन समितिसमक्ष लिखित उजुरी दिन सक्नेछ। उजुरीसँग सम्भव भएसम्म फोटो, भिडियो, अडियो, लिखित सामग्री वा अन्य विश्वसनीय प्रमाण संलग्न गर्नुपर्नेछ।

**२९. आचारसंहिता उल्लङ्घनमा कारबाही:**

यस आचारसंहिताको उल्लङ्घन भएको प्रमाणित भएमा निर्वाचन समितिले उल्लङ्घनको प्रकृति, गम्भीरता तथा प्रभावका आधारमा लिखित चेतावनी, प्रचार सामग्री हटाउन निर्देशन, स्पष्टीकरण सोध्ने, निर्वाचन गतिविधिमा निश्चित समयसम्म प्रतिबन्ध लगाउने वा निर्वाचन कार्यविधिले तोकेको अन्य उपयुक्त कारबाही गर्न सक्नेछ।

गम्भीर प्रकृतिको उल्लङ्घन भएमा प्रचलित कानून तथा पार्टीको विधान/निर्वाचन कार्यविधिबमोजिम थप कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ।

**३०. समान अवसर र समान व्यवहार:**

निर्वाचन समितिले सबै उम्मेदवारलाई समान अवसर, समान व्यवहार र समान पहुँचको सिद्धान्तअनुसार निर्वाचन प्रक्रिया सञ्चालन गर्नुपर्नेछ। कुनै उम्मेदवारलाई विशेष सुविधा वा अनुचित लाभ हुने गरी निर्वाचनसम्बन्धी व्यवस्था गर्न पाइने छैन।

**३१. निर्वाचन परिणामको सम्मान :**

प्रत्येक उम्मेदवारले निर्वाचनको निष्पक्षता र परिणामको सम्मान गर्नुपर्नेछ। निर्वाचन प्रक्रियामा गम्भीर आपत्ति भएमा तोकिएको विधि र समयसीमाभित्र निर्वाचन समितिसमक्ष

केन्द्रीय निर्वाचन समिति नेपाली कांग्रेस

उजुरी वा पुनरावेदन गर्न सकिनेछ; तर निर्वाचन परिणामलाई प्रभावित पार्ने गरी सार्वजनिक शान्ति तथा पार्टीको एकतामा प्रतिकूल असर पर्ने गतिविधि गर्न पाइने छैन।

**३२. पार्टी एकता र सौहार्द कायम गर्ने दायित्व :**

१५औं महाधिवेशन प्रतिस्पर्धाको माध्यम भए पनि नेपाली कांग्रेसको आन्तरिक लोकतन्त्र, एकता, सहिष्णुता, पारस्परिक सम्मान र लोकतान्त्रिक संस्कारलाई कमजोर पार्ने कुनै पनि गतिविधि गर्न वा गराउन पाइने छैन।

**३३. आचारसंहिताको अनिवार्य पालना :**

उम्मेदवारी दर्ता गर्ने प्रत्येक उम्मेदवारले यस आचारसंहिताको पूर्ण पालना गर्ने लिखित प्रतिबद्धता निर्वाचन समितिसमक्ष पेश गर्नुपर्नेछ।उम्मेदवारको प्रस्तावक तथा समर्थकले समेत आचारसंहिताको पालना गर्ने प्रतिबद्धता जनाउनुपर्नेछ।

**३४. लागू हुने अवधि:**

यो आचारसंहिता उम्मेदवारी दर्ताको मितिदेखि निर्वाचन परिणाम घोषणा तथा निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न नभएसम्म लागू हुनेछ। निर्वाचन समितिले आवश्यक ठानेमा महाधिवेशनको विशेष प्रकृति र परिस्थितिअनुसार थप निर्देशन जारी गर्न सक्नेछ।

**३५. व्याख्या गर्ने अधिकार:**

यस आचारसंहिताको कार्यान्वयनका क्रममा कुनै विषयमा द्विविधा वा अस्पष्टता उत्पन्न भएमा यसको अन्तिम व्याख्या गर्ने अधिकार निर्वाचन समितिलाई हुनेछ। त्यस्तो व्याख्या गर्दा नेपाली कांग्रेसको विधान, निर्वाचन कार्यविधि, प्रचलित कानून तथा स्वच्छ, निष्पक्ष र लोकतान्त्रिक निर्वाचनको मूल मान्यतालाई आधार मानिनेछ।

केन्द्रीय निर्वाचन समिति नेपाली कांग्रेस

# <u>अनुसूची –१</u>

विधानको धारा ६ (२), ७ (२) सँग सम्बन्धित गाउँ, नगर, उपमहानगर, महानगर पालिका वडा कार्यसमितिको
निर्वाचन मतपत्र

जिल्ला .................. गाउँपालिका ............... वडा नं. ...........

| क्र.सं. | गाउ वडा कार्यसमितिको सभापति/................पदको उम्मेदवारको नाम थर | मत संकेत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/ / मतदान अधिकृतको सही ....................

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

# <u>अनुसूची –२</u>

विधानको धारा ६ (३), ७(३) सँग सम्बन्धित क्षेत्रीय प्रतिनिधि (गाउँ, नगर, उपमहानगर, महानगर पालिका)

निर्वाचन मतपत्र

जिल्ला .................. गाउँ, नगर, उपमहानगर, महानगर पालिका.............. वडा नं. .........

| क्र.सं. | गाउँ, नगर, उपमहानगर, महानगर पालिकाको ................ क्षेत्रीय प्रतिनिधि पदको उम्मेदवारको नाम थर | मत संकेत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/ / मतदान अधिकृतको सही .....................

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

# अनुसूची –३

विधानको धारा ८ (२), ९ (२) सँग सम्बन्धित गाउँ, नगर, उपमहानगर, महानगर पालिका कार्यसमितिको

.................... को निर्वाचनको मतपत्र

जिल्ला ................ गाउँपालिका ..................मतदान केन्द्र ....................

| क्र.सं. | सभापति/.............. पदको उम्मेदवारको नाम थर | मत संकेत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/ /          मतदान अधिकृतको सही ....................

# <u>अनुसूची –४</u>

## विधानको धारा १० (३) बमोजिम सम्बन्धित प्रदेश सभा क्षेत्रीय कार्यसमिति‍को निर्वाचन मतपत्र

**जिल्ला ...................... निर्वाचन क्षेत्र ................. प्रदेश सभा क्षेत्र........**

| क्र.सं. | प्रदेश सभा क्षेत्रीय सभापति/ .............. पदको उम्मेदवारको नाम थर | मत संकेत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/    /      मतदान अधिकृतको सही ....................

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

# अनुसूची –४ (क)

## विधानको धारा १० (२) (क) सँग सम्बन्धित प्रदेश अधिवेशन प्रतिनिधिको निर्वाचन मतपत्र

जिल्ला ............ निर्वाचन क्षेत्र ............

| क्र.सं. | प्रदेश अधिवेशन प्रतिनिधिको उम्मेदवारको नाम थर | मत संकेत |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/ / मतदान अधिकृतको सही ....................

# अनुसूची –५

विधानको धारा ११ (२) सँग सम्बन्धित केन्द्रीय महाधिवेशन प्रतिनिधिको
निर्वाचन मतपत्र

जिल्ला ............ निर्वाचन क्षेत्र ............

| क्र.सं. | महाधिवेशन प्रतिनिधिको उम्मेदवारको नाम थर | मत संकेत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/ / मतदान अधिकृतको सही .....................

# अनुसूची –६

विधानको धारा ११(३) अनुसार महासमिति सदस्यको
निर्वाचन मतपत्र

जिल्ला .............. निर्वाचन क्षेत्र .................

| क्र.सं. | महासमिति सदस्यको उम्मेदवारको नाम थर | मत संकेत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/ / मतदान अधिकृतको सही .....................

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

# अनुसूची –७

विधानको धारा ११ (४) सँग सम्बन्धित प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति/एक निर्वाचन क्षेत्र भएको जिल्ला कार्यसमितिको

निर्वाचन मतपत्र

जिल्ला ........................ निर्वाचन क्षेत्र ..................

| क्र.सं. | क्षेत्रीय सभापति/ जिल्ला सभापित पदको उम्मेदवारको नाम थर | मत संकेत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/ / मतदान अधिकृतको सही .....................

केन्द्रीय निर्वाचन समिति ★ नेपाली कांग्रेस ★

# अनुसूची –८

## विधानको धारा १२ (५) अनुसार जिल्ला कार्यसमितिको निर्वाचन मतपत्र

जिल्ला ...................... निर्वाचन क्षेत्र ................

| क्र.सं. | जिल्ला कार्यसमितिको सभापति/ ............पदको उम्मेदवारको नाम, थर | मत संकेत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मिति : २०८३/ / निर्वाचन वा मतदान अधिकृतको सही ....................

# अनुसूची –९

